# ९ सुधारिएको जीवन

*<u>यस अध्यायका मूल पदहरू पढ्नुहोस्:</u>* २ इतिहास २०:१७-२०, १ कोरन्थी ६:१९-२०, प्रकाश २:१-६, रोमी १:१६,१७, प्रकाश १४:६,७,१२।

*<u>कण्ठ गर्नुपर्ने मूल पद:</u>* "११ मानिसलाई पवित्र बनाउनुहुने येशू र पवित्र बनाइएका सबैका एउटै पिता छन्। यसैकारण येशू आफैंले पवित्र बनाउनुभएकाहरूलाई 'भाइहरू' भन्न अप्ठ्यारो मान्नुहुन्न। १२ उहाँ भन्नुहुन्छ, "म मेरा भाइहरूका माझमा तपाईंको नाउँ सुनाउनेछु। म मण्डलीको बीचमा तपाईंको स्तुति गराउनेछु।" (हिब्रू २:११ नेपाली बाइबल)। ("जुन मानिसहरूलाई परमेश्वरले पवित्र बनाउनुहुन्छ र पवित्र भएका ती मानिसहरू एउटै परिवारमा हुन्छन्। त्यसकारण तिनीहरूलाई दाजुभाइ तथा दिदिबहिनी भन्न येशूले शर्म मान्नुहुन्न।" (हिब्रू २:११ रूपान्तरित))

यथार्थमा भन्ने हो भने मानिसको दैनिक जीवनमा पुनर्जागरण भइरहेको हुन्छ। हाम्रो प्रभुले दिनदिनै उहाँको समिपमा रहेर आनन्दको अनुभूति गरून् भनेर हामीलाई आह्वान गर्नुहुन्छ। जब चालिस वर्षसम्म मरुभुमीमा परमेश्वरको छत्रछायाँमा इस्राएलीहरू हिंडेका थिए तिनीहरूलाई उहाँले मन्ना अर्थात् स्वर्गको खाना दिनुभएको थियो। त्यहि रितले येशूले दिनदिनै आत्मिक भोज हाम्रो अगाडि पिँजाइदिनुहुन्छ। त्यसकारण दिनदिनै आत्मिक रूपमा भोकाएको हामीलाई उहाँले उहाँको वचनले हाम्रो आत्मालाई तृप्त पार्नुहुन्छ। जब हामी प्रार्थना गर्दछौं र उहाँको वचनमा गहिरोसँग ध्यान दिँछौं तब हामीहरूको आत्मा र मनलाई ताजा बनाउँछ। यस्ता खालका अध्यात्मिक रूपमा परिवर्तन ल्याउने आत्मिक जागृतिले हामीहरूको बिचार, आनिबानी, जीवनशैली र चरित्रलाई आमूल परिवर्तनतिर ढल्काइ दिन्छ। त्यसैलाई "सुधारिएको जीवन" भनेर हामीले सम्बोधन गर्दछौं। "१७ तर प्रियहरू, तिमीहरूलाई यी सबै कुरा थाहा भइसकेका छन्। यसकारण होशियार गर। त्यसो हुँदा दुष्टहरूले अलमल्याउन पाउनेछैन अनि आफूले दह्रो गरी टेकेका ठाउँबाट

लड्नेछैनौ। १८ तर सधैंभरि हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको ज्ञान र अनुग्रहमा बढ्दै-बढ्दै जाओ। अहिले र सधैं प्रभुकै प्रशंसा होस्। आमेन!" (२ पत्रुस ९:१७,१८)। अर्थात्, “हे प्रिय मित्रहरू हो, तिमीहरूलाई थाहा भएकै कुरो हो। त्यसकारण तिमीहरू सुरक्षित भएर बस। तब परमेश्वरको व्यवस्थालाई नमान्ने मानिसहरूको अधर्मी चालाले तिमीहरूको बाटोलाई नभड्काओस्। तिमीहरू आफ्नो सुरक्षित स्थानबाट खस्किने छैनौं। हामीहरूको प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रहमा बढ्नु। उहाँलाई अझ राम्रोसँग चिन्न कोशिष गर। अहिले र सधैं उहाँलाई महिमा देऊ। आमेन! " (२ पत्रुस ३:१७,१८ रूपान्तरित)। “अनुग्रहमा बढ्नु" भनेर पत्रुसले यहाँ सम्बोधन गर्दछन्। यथार्थमा सुधारिएको जीवन अपनाउनु भनेकै परमेश्वरको “अनुग्रहमा बढ्नु" हो। सुधारिएको जीवनले पवित्र आत्मालाई भित्राउन दिन्छ र त्यसको जीवनको प्रत्येक भागमा परमेश्वरको इच्छा अनुसार काम गर्न मिलोमत्तो गर्न दिइएको हुन्छ। यदि हामीहरूको जीवनको कुनै यस्ता पक्षहरू छन् जहाँ परमेश्वरको कुरा मान्न आनकानी गर्न खोज्दछौं भने आत्मिक पुनर्जागरणले फेरि परमेश्वरतिर हामीलाई फर्काउँछन्। अनि सुधारिएको जीवनले सही र न्यायोचित कुरा चुन्नतिर अग्रसर गराउँछ। परमेश्वरबाट अलग राख्ने कुनै पनि तत्वलाई उहाँमा नै समर्पण गर्न सुधारिएको जीवनले प्रोत्साहन गर्दछ।

## १. जीवनशैलीमा आमूल सुधार ल्याउन परमेश्वरका अगमवक्ता अर्थात् प्रवक्ताहरूको आह्वान (२ इतिहास २०:१-२०)

इस्राएलीहरूको जीवनशैलीमा सुधार ल्याउन परमेश्वरले प्रायजसो आफ्ना अगमवक्ताहरूलाई त्यस देशमा पठाउनु हुन्छ। आत्मिक पुनर्जागरण पछि नियमित रूपमा जीवनशैलीमा आमूल परिवर्तन भएको हुन्छ। एउटा कुरो त हामी सबैले ख्याल गर्नुपर्छ। त्यो हो, परमेश्वरका जनहरू उहाँबाट तर्किएर गएतापनि अझै पनि तिनीहरू उहाँकै चुनिएका जनहरू भएर बसेका छन् भनेर मानिएका हुन्छन्। तर तिनीहरू उहाँको कुरा नसुनेको कारण तिनीहरू परमेश्वरतिर फर्कोस् भनेर बारम्बार परमेश्वरले उहाँका सन्देशवाहकहरूद्वारा आह्वान गर्नु भएको थियो। ती सन्देशवाहक अर्थात् अगमवक्ताहरू केवल आह्वानको लागि मात्र नभएर परमेश्वरका जनहरूलाई अगुवाई गर्न पनि पठाउनुभएको थियो। पुरानो

करारमा आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल परिवर्तनको ढाँचा झन्दै एउटै भएको पाइन्छ।

जब मानिसहरू परमेश्वरको इच्छा पालन गर्न तयार भए तब आत्मिक पुनर्जागरणको साथै जीवनशैलीमा आमूल परिवर्तन भएको पुरानो करारमा पाइएको छ। जब इस्राएलीहरू आफ्नै सुर अनुसार चली परमेश्वरबाट फर्के तब तिनीहरू आफ्नो आँखाले जे ठिक देख्यो त्यसै अनुसार चल्न थालेका थिए (न्यायकर्ता २१:२५)। परमेश्वरको नितिनियमलाई त्यागेर आफ्नै इच्छा अनुसारको चालचलनमा चल्दा तिनीहरूले उहाँबाट पाउने आशिषलाई गुमाउनु परेको थियो। त्यसको फलस्वरुप त्यो देशले शङ्कट र हारको सामना गर्नुपरेको थियो।

उदाहरणमा, परमेश्वरका जनहरूले एक फेरा अत्यन्त ठूलो चुनौतिको सामना गर्नुपरेको थियो। आमोनी र मोआबीहरूसँग तिनीहरू युद्ध गर्नुपरेको थियो। राजा यहोशाफतले आफ्ना जनहरूको निम्ति गरेको आत्मिक नेतृत्व अत्यन्त असाधारण र अचम्मको थियो। शङ्कटकाल भरी इस्राएलीहरूको ध्यान परमेश्वरको शक्तिमा केन्द्रित होस् भनेर उनले प्रयास गरेका थिए (२ इतिहास २०:१२)।

आफ्ना जनहरूलाई राजाले के सरसल्लाह दिएको थिए? आत्मिक पुनर्जागरण र जीवनशैलीमा भएको आमूल परिवर्तनको ढाँचा त्यसमा हामीले कसरी देख्छौं?

राजा यहोशापातले मानिसहरूलाई के गर्न आदेश दिएका थिए सो आफ्नै शव्दहरूमा वाख्या गर्नुहोस्। हेर्नुहोस् २ इतिहास २०:१-२१ “केही समयपछि मोआब र अम्मोनका सेनाहरूले आफ्ना मित्र मिनुईहरूसित मिलेर यहूदामाथि आक्रमण गरे। २ केही मानिसहरू आएर यहोशापात राजालाई यस्तो खबर दिए, “एदोमबाट एउटा ठूलो सेना मृत सागरको पारिपट्टिबाट तपाईंलाई आक्रमण गर्न आइरहेको छ। तिनीहरूले अघि नै हासेसोन-तामार कब्जा गरिसके।” (यो एन-गदीको अर्को नाम हो।) ३ यहोशापात तर्से र अगुवाइको लागि परमप्रभुसित प्रार्थना गरे। त्यसपछि सम्पूर्ण देशमा उपवास बस्न आज्ञा दिए। ४ यहूदाका हरेक सहरबाट मानिसहरू परमप्रभुको अगुवाइ लिन हतारसाथ यरूशलेममा आए। ५ तिनीहरू यरूशलेमका बासिन्दाहरू मन्दिरको नयाँ आँगनमा भेला भए। यहोशापात राजा गएर

तिनीहरूका सामुन्नेमा उभिए र उच्च सोरले प्रार्थना गरे, ६ “हे परमप्रभु,
हाम्रा पुर्खाहरूका परमेश्वर, स्वर्गमा तपाईंले सारा संसारका जातिहरूमाथि
राज्य गर्नुहुन्छ। तपाईं बलियो र शक्तिशाली हुनुहुन्छ। कसैले तपाईंको
सामना गर्न सक्दैन। ७ तपाईं हाम्रा परमेश्वर हुनुहुन्छ। जब तपाईंका
प्रजा इस्राएल यस देशमा सर्दैआए, तपाईंले यस देशमा बास गर्ने
मानिसहरूलाई धपाउनुभयो र आफ्ना मित्र अब्राहामका सन्तानलाई त्यो
देश सदाकालको निम्ति दिनुभयो। ८ तिनीहरूले यहाँ बसोबास गरेर
तपाईंको आदरमा मन्दिर बनाएका छन्। ९ हामीमाथि दण्डका रूपमा
आपत् आइलाग्दा, लडाइँ, महामारी र अनिकाल आएको खण्डमा हामी
आएर तपाईंको आराधना गरिने यस मन्दिरको सामुन्ने खडा हुन सक्छौं
भनी तिनीहरूले जान्दछन्। आफ्ना कष्टका दिनमा तिनीहरूले
तपाईंलाई प्रार्थना गर्न सक्छन् र तिनीहरूको बिन्ती सुनेर तपाईंले
तिनीहरूलाई बचाउनुहुन्छ। १० “अब अम्मोन, मोआब र एदोमका
मानिसहरूले हामीलाई आक्रमण गरेका छन्। हाम्रा पुर्खाहरू मिश्रबाट
निस्किआउँदा तपाईंले तिनीहरूलाई ती देशमा पस्न दिनुभएन। हाम्रा
पुर्खाहरू ती देशका बाहिरबाट घुमेर आए र तिनलाई नाश पारेनन्।
११ त्यसको बदलामा तिनीहरू हामीलाई तपाईंले दिनुभएको देशबाट
धपाउन आउँदै छन्। १२ तपाईं हाम्रा परमेश्वर हुनुहुन्छ! तिनीहरूलाई
दण्ड दिनुहोस् किनभने हामीलाई आक्रमण गर्न आएको यो ठूलो
सेनाअघि हामी असहाय छौं। के-कसो गर्ने भनेर हामी जान्दैनौं, तर
हामी सहायताको निम्ति तपाईंतिर आँखा उचाल्छौं।”
१३ यहूदाका सबै पुरुषहरू आफ्ना स्वास्नी, बाल-बच्चालाई साथमा
लिएर त्यहाँ मन्दिरमा उभिएका थिए। १४ भीडमा भएका एक जना
लेवीमाथि परमप्रभुको आत्मा उत्रनुभयो। तिनको नाम यहासेल थियो।
तिनी जकरियाका छोरा थिए। तिनी मत्तन्याह, यहीएल र बनायाहबाट
जन्मेका र आसापका गोत्रका पुरुष थिए। १५ यहासेलले भने, “हे
राजन्! अनि यरूशलेम र यहूदाका सबै बासिन्दाहरू हो! परमप्रभु
भन्नुहुन्छ कि तिमीहरू यो ठूलो सेनाको सामना गर्न हताश नहुनू वा
नडराउनू! लडाइँ परमेश्वरमा निर्भर छ, तिमीहरूमा होइन। १६ भोलि
तिनीहरू जीजको घाँटीबाट आएका बेलामा तिनीहरूमाथि हमला गर्नू।
यरूएलको छेउको उजाड-भूमिमा पुऱ्याउने बेसी टुङ्गिएको ठाउँमा

तिमीहरूसित तिनीहरूको भेट हुनेछ। १७ तिमीहरूले यो लडाइँ लड्नुपर्नेछैन। खालि आफ्ना स्थानमा गई जागा होओ र पर्खिबस। परमप्रभुले तिमीहरूलाई विजय दिनुभएको देख्नेछौ। हे यहूदा र यरूशलेमका बासिन्दाहरू हो, दुबिधामा नपर, नडराओ! लडाइँ गर्न निस्क र परमप्रभु तिमीहरूसित हुनुहुन्छ!"

१८ तब यहोशापात राजाले भूइँसम्म टाउको निहुराएर प्रणाम गरे र सबै मानिसहरूले पनि तिनीसित घोप्टिएर परमप्रभुलाई पुजे। १९ कहात र कोरह गोत्रका लेवीहरूले खडा भएर चर्को सोरले परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा गरे। २० भोलिपल्ट सबेरै मानिसहरू तकोछेउको उजाड-भूमिमा गए। तिनीहरू निस्कँदैगर्दा यहोशापातले तिनीहरूलाई यसरी भने, "हे यहूदा र यरूशलेमका मानिसहरू हो! परमप्रभु आफ्ना परमेश्वरमा भरोसा राख र तिमीहरू दरिला हुनेछौ। अगमवक्ताहरूले भनेका कुरामा भरोसा राख र तिमीहरू सफल हुनेछौ।" २१ मानिसहरूसित सल्लाह गरेर राजाले केही गीत गाउन र बाजा बजाउनेहरूलाई पवित्र अवसरमा तिनीहरूले पहिरने पोशाक लाउने र सेनाको अघि-अघि यसरी गाउँदै हिंड्ने आज्ञा दिए, "परमप्रभुको प्रशंसा गर! उहाँको प्रेम अमर छ!"

**"भयङ्कर शङ्कटको समयमा यहूदाको निम्ति परमेश्वर नै शक्ति हुनुभएको थियो। आज पनि उहाँका जनहरूको निम्ति शक्ति हुनुहुन्छ। मानविय नेतृत्वमा हामी भर पर्नुहुन्न। न त तिनीहरूलाई परमेश्वरको अगाडि नै राख्नुहुन्छ। मानिसहरू कमजोर छन् र त्रुटी गर्छन् भन्ने कुरालाई हामीले हरदम सम्झि राख्नुपर्दछ। सर्वशक्तिमान परमेश्वर हाम्रो किल्ला र रक्षक हुनुहुन्छ भन्ने विश्वासलाई पनि हामीले पकडी राख्नुपर्छ। प्रत्येक आपतकालिन परिस्थितिको घेरामा परि लडाईंको सामना गर्नुपर्दा त्यो लडाईं हाम्रो होइन उहाँको हो भनेर हामीले आभास पाइराख्नुपर्दछ। उहाँका हतियारहरूको सिमित छैन। प्रत्येक असम्भव परिस्थितिलाई विजयतिर अग्रसर गराउने क्षमता उहाँसँग छ।"-एलेन जी ह्वाइट, कन्फ्लिक्ट एन्ड करेज, पृ. २१७बाट रूपान्तरित।**

**आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधार आउनु कत्तिको महत्त्वपूर्ण रहेछ भनेर यहोशापातको अनुभवले देखाउँदछ। उपवास बस्न लगाएर, प्रार्थनामा जोड गराएर, परमेश्वरमा भरोसा राख्न**

लगाएर र उहाँको वचन पालन गर्न प्रतिवद्धता व्यक्त गराएर राजाले इस्राएलीहरूको नेतृत्व गरेका थिए।

अत्यन्त तनाव खप्नु पर्दा र भयङ्कर चुनौतिहरूको सामना गर्नुपर्दा इस्राएलको इतिहासमा घटेका माथिका कुराहरूबाट तपाईंले कस्तो आत्मिक नितिहरूलाई प्रयोग गर्न सिक्न सक्नुहुन्छ? तपाईंको आस्था वा विश्वासलाई सत्य रूपमा कसरी परिचालन गर्न सक्नुहुन्छ?

## २. कोरन्थीका विश्वासीहरूलाई जीवनशैलीमा सुधार ल्याउन पावलको आग्रह (२ कोरन्थी ७:८-१२)

पश्चिमी देश युरोपको ग्रीस भन्ने देशमा पावलले चर्चहरू खडा गरेका थिए। पावल सधैं तिनीहरूको साथमा हुन नसक्दा पत्रद्वारा तिनीहरूलाई आफ्नो सन्देश पठाएका थिए। नयाँ करारमा, उनले कोरन्थीका विश्वासीहरूलाई लेखेका दुई पत्रहरू सुरक्षित छन्। पावलको अनुपस्थितिमा कोरन्थीका विश्वासीहरूमा फैलिरहेको नाजुक आत्मिक अवस्थाप्रति उनी अत्यन्त चिन्तित थिए। चर्चका धेरै विश्वासीहरू चर्चलाई नै त्यागेर परमेश्वरको भक्ति गर्न छोडेका थिए। भ्रष्ट चरित्र र अनैतिक आचरणले ती चर्चका विश्वासीहरूलाई पेलेका थिए। तिनीहरूमा यस्तो यौन अशुद्धताले गम्भिर रूपमा आक्रमण गरेको थियो कि अविश्वासीहरूमा पनि घृणास्पद थियो (१ कोरन्थी ५:१)। त्यसको साथसाथै त्यहाँका चर्चहरूमा विभिन्न मानविय र आत्मिक समस्याहरू थिए जुन पावलले सम्बोधन गरेका थिए। यदि पावलले कोरन्थीहरूलाई लेखेको पत्र तपाईंले पढ्नुभयो भने त्यहाँका चर्चका विश्वासीहरूमा आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल परिवर्तन आउन आवश्यकता भएको रहेछ भनेर महशूस गर्न सक्नुहुन्छ।

आत्मिक अवस्थाको बारेमा कोरन्थीहरूलाई पावलले आफ्नो विचार पोखेका केहि पदहरूबाट हेर्न सकिन्छ। देहायका पदहरूमा पावलले के मूख्य विषयवस्तु प्रस्तुत गरेका छन्, हेर्नुहोस्: १ कोरन्थी ६:१८-२० "व्यभिचारलाई त्याग। अरू पाप मानिसले आफ्नो शरीरदेखि बाहिर गर्दछ, तर व्यभिचार गर्नेले आफ्नै शरीरको विरुद्ध पाप गर्दछ। १९ के तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो भनी तिमीहरूलाई थाहा छैन? परमेश्वरले दिनुभएको पवित्र आत्मा नै तिमीहरूको शरीरभित्र बस्नुहुन्छ। त्यसो हुँदा तिमीहरू आफैं पनि

आफ्ना होइनौ। २० तिमीहरूलाई परमेश्वरले मोल तिरेर किन्नुभएको हो। यसकारण तिमीहरूले आफ्नो शरीरले परमेश्वरको आदर गर।" १ कोरन्थी ९:२४-२७ "साँच्चै तिमीहरूलाई थाहा छ। दौडमा सबै दौडन्छन्, तर पहिलो पुरस्कार पाउने एउटै हुन्छ। त्यसै गरी तिमीहरू पनि पुरस्कार पाइछाड्छु भनी दौड। २५ दौडमा भाग लिनेहरू जिउ सधाउन सबै किसिमले अभ्यास गर्छन्। तिनीहरूले त ओइलाएर जाने माला पाउन त्यसो गर्छन्, तर हामीचाहिँ सधैंभरि रहने मुकुटको लागि गर्छौं। २६ त्यसैले त म निशाना ताकेर दगुर्छु। म हावामा मुक्का हान्दिनँ। २७ तर म मेरो शरीरलाई क्रूसमा राखेर तह लगाउँछु, नत्रता अरूलाई प्रचार गर्दा आफैंचाहिँ अयोग्य ठहरिन्छु।" १ कोरन्थी १३:१३, "तर यी तीन कुराचाहिँ सधैं रहनेछन्– विश्वास, आशा र प्रेम। तिनीहरूमा सबैभन्दा ठूलो प्रेम नै हो।" १ कोरन्थी १५:१-२,२७-२८, " भाइ हो, मैले तिमीहरूलाई प्रचार गरेको सुसमाचारको बारेमा फेरि बताउन चाहन्छु। सुसमाचार तिमीहरूले ग्रहण गऱ्यौ र त्यहीमाथि तिमीहरू अडिएका छौ। २ यसद्वारा तिमीहरू बचाइएका पनि छौ। यदि तिमीहरूले मैले प्रचार गरेको यो सुसमाचारमा दिगो रह्यौ भने यसले तिमीहरूलाई बचाइरहनेछ, नत्रता तिमीहरूले व्यर्थैमा विश्वास गरेका हुन्छौ।...."२७ किनभने धर्मशास्त्रले भन्छ, "परमेश्वरले सब थोकलाई उहाँको खुट्टामुनि पार्नुहुनेछ।" यो भनेको परमेश्वर पनि अधीनमा पर्नुहुनेछ भनेको त होइन, तर परमेश्वरले नै सबै कुरा ख्रीष्टको अधीनमा पारिदिनुहुनेछ भनेको हो। २८ सबै कुरा ख्रीष्टको अधीनमा परेपछि परमेश्वरका पुत्र ख्रीष्ट आफैंचाहिँ उहाँकै खुट्टामुनि सबै कुरा राख्नुहुने परमेश्वरको अधीनमा रहनुहुनेछ अनि परमेश्वरले नै सबैमाथि राज्य गर्नुहुनेछ।"

**विश्वासमा अडिग भएर बस भनेर प्रेरित पावलले कोरन्थीका विश्वासीहरूलाई प्रोत्साहन दिन्छन्। ती विश्वासीहरूको जीवनको प्रमूख लक्ष्य नै परमेश्वरको प्रशंसा र महिमा गर्नु थियो। तिनीहरूप्रति आफूले गरेको मायाको बारेमा पावलले तिनीहरूलाई सम्झाउँछन्। तिनीहरूले सामना गरेका कुनै पनि लोभ परिक्षाहरू भन्दा परमेश्वरको शक्ति अत्यन्त महान् छ भनेर उनले तिनीहरूलाई भन्दछन् (१ कोरन्थी १०:१३)।**

कोरन्थीका विश्वासीहरूले पावलको आग्रहलाई कसरी सहस्र स्वीकार गरेका थिए भनेर २ कोरन्थी ७:८-१२मा यसरी व्यक्त गरेका छन्: "मेरो पत्रले तिमीहरूलाई कष्ट भयो नै होला, भए पनि मेरो मनमा पश्चात्ताप छैन। म जान्दछु, त्यो पत्रले केही बेरलाई भए पनि तिमीहरूको मनमा पीर पर्‍यो। यो जानेर मलाई पश्चात्ताप भए तापनि अब म खुसी छु। ९ तिमीहरूलाई कष्ट पर्‍यो भनेर होइन तर यसले तिमीहरूलाई सुधार्‍यो भनेर खुसी लागेको हो। परमेश्वरलाई सम्झेर शोक गर्‍यौ। त्यसो हुँदा हामीबाट तिमीहरूलाई कुनै हानि भएन। १० परमेश्वरलाई सम्झेर शोक गर्‍यौं भने यसले हामीमा पश्चात्ताप ल्याउँछ र हामीलाई मुक्तितिर लैजान्छ। तर सांसारिक रूपले मात्र हाम्रो मन दुख्छ भने यसले हामीलाई मृत्युतिर लैजान्छ। ११ तिमीहरूलाई परेको दुःखबाट परमेश्वरले के गर्नुभयो, याद गर, यो दुःखले तिमीहरूलाई साँचो बनायो, कसुर छैन भनी देखाउन हतार गरायो, तिमीहरूलाई कस्तो झोक चलायो, कत्रो चिन्ता, कस्तो विचार, कस्तो भक्ति पैदा गर्‍यो। तिमीहरूमा पाप गर्नेलाई दण्ड दिने मन पनि भयो। यी सबैबाट तिमीहरूमा दोष छैन भन्ने कुरा थाहा हुन्छ। १२ यसकारण मैले त्यो पत्र अन्याय गर्नको लागि लेखेको होइन, न त अन्याय सहन नै लेखेको हो। तर तिमीहरूले परमेश्वरका अघि हामीलाई कति माया गर्‍यौ, त्यही देखाउन मैले लेखेको हुँ।"

**पावलले लेखेका पत्रले गर्दा जुन आत्मिक परिवर्तन र सुधार कोरन्थीका चर्चका सदस्यहरूमा आयो त्यसप्रति उनले खुशी व्यक्त गरेका थिए। तै पनि केहि विषयवस्तुहरूमा उनले आफ्नो गम्भिर चासो व्यक्त गरेका थिए। उनले लेख्दछन्, "तिमीहरूमाथि पूरा विश्वास राख्न पाउँदा मलाई खुशी लागेको छ।" (२ कोरन्थी ७:१६ रूपान्तरित)। शारीरिक अर्थात् पापको बसमा आफूहरूलाई पर्न दिइएकोमा कोरन्थीहरूलाई पावलले हप्काएका थिए। उनको हकारेर लेखेको पत्र १ कोरन्थी हो। तर दोस्रो पत्रमा कोरन्थीका विश्वासीहरूले परमेश्वरसँग नयाँ अनुभव प्राप्त गरेर नव जागरणको अनुभव प्राप्त गर्न सफल भएकोमा तिनीहरूमाथि पूरा विश्वास राख्न सकिन्छ भनेर पावलले तिनीहरूमाथि आफ्नो प्रतिक्रिया व्यक्त गरेका थिए। पवित्र आत्माले कोरन्थीका विश्वासीहरूमा आत्मिक पूनर्जागरण ल्याइदिएका थिए। त्यस खालका पूनर्जागरणले**

विश्वासीहरूको जीवनशैलीमा आमूल परिवर्तनतिर अग्रसर गराउँछ। चोला सुधार, वा काँचुली फेरिएको अर्थात् जीवनशैलीमा आमूल परिवर्तन ल्याउनु भनेको तिनीहरूको वानी व्यहोरा, एक आपससँगको सम्बन्ध र परिवर्तित जीवन बिताउनु हो। आत्मिक रूपमा कोरन्थीका विश्वासीहरूले अझै केहि चुनौतिहरूको सामना गर्नु परेको थियो। तिनीहरूको सबै समस्याहरू समाधान भएको थियो भनेको त होइन। तर येशूप्रतिको विश्वास र प्रतिवद्धतामा तिनीहरूले प्रगति गरेका थिए। आत्मिक पुनर्जागरण वा जागृति र सुधार भनेको दवाई होइन जसले हाम्रो सबै आत्मिक समस्याहरू समाधान गराइ दिन्छ। तर तिनीहरू विश्वासको निरन्तर यात्राको भागहरू हुन्।

## ३. एफिसी चर्चका विश्वासीहरूमा सुधार आओस् भनेर प्रकाशको पुस्तकमा गरेको आग्रह (प्रकाश २:१-६)

प्रभु येशूको निर्देशनमा प्रेरित यूहन्नाले सातवटा इसाई चर्चहरूलाई लेखेका पत्र प्रकाश २ र ३ अध्यायमा थिए। ती पत्रहरू केवल निश्चित स्थान र समयका चर्चहरूलाई मात्र नभएर पछि आउने शताव्दियौंका चर्चहरूलाई लेखेका थिए। त्यो धारणा ठिक धारणा हो भनेर बाइबलका विद्यार्थीहरूले शताव्दियौंदेखि व्यक्त गरेका छन्। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका अगुवा र चिन्तकहरूले पनि त्यो धारणा ठिक छ भनेर स्वीकार गरेको इतिहासले बताउँदछ।

परमेश्वरको स्वर्गदूतले यूहन्नालाई यो निर्देशन दिइएको थियो, “तिमीले जे देख्यौ त्यो लेख। अहिले के भइरहेको छ र पछि के हुनेछ सो लेख।" (प्रकाश १:१९ रूपान्तरित)। जुन सातवटा चर्चहरूको बारेमा यूहन्नाले दर्शन पाए ती चर्चहरू विगतका, वर्तमानका र भविष्यका थिए। परमेश्वरका चर्चहरूले पाएका विजयी जीवनहरू र तिनीहरूको खोट र असफलताहरूलाई खोतलेर ती पत्रहरू लेखेका थिए। त्यहाँ उल्लेख गरेका सातवटा चर्चहरूले शताव्धियौंदेखिको इसाई इतिहासका उदाहरणहरू देखाउँदछन्। तर ती चर्चहरूले भोगेका जीवनहरूबाट महत्त्वपूर्ण शिक्षाहरू परमेश्वरका वर्तमान जनहरूले सिक्न सक्दछन्।

उदाहरणमा एफिससका चर्चलाई लिन सक्दछौं। आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधार ल्याउन स्वर्गबाट गरिएको आह्वानलाई एफिससका चर्चलाई लेखेको पत्र एक उत्कृष्ट नमूना हुन्।

एफिससका चर्चमा भइरहेको असल कुराहरू के हुन् र त्यहाँ भएका समस्याहरू के हुन् भनेर प्रकाश २:१-६मा यसरी लेखिएको छ, " "एफिससमा भएको मण्डलीको हेरचाह गर्ने दूतलाई यो कुरा लेखः सात वटा तारा "आफ्नो दाहिने हातमा लिने र सात वटा सुनका सामदानको बीचमा हिँड्नेले यसो भन्नुहुन्छ। २ तिमीले परिश्रमसँग गरेको काम र तिम्रो धीरज मलाई थाहा छ। तिमीले दुष्ट मानिसलाई देखिसहँदैनौ भनेर पनि मलाई थाहा छ। प्रेरित नभईकन प्रेरित हौं भन्नेलाई तिमीले जाँच गरी तिनीहरू झूटा हुन् भनी पत्ता लगाएका छौ भनेर पनि मलाई थाहा छ। ३ तिमीहरू धीरजी छौ अनि मेरो लागि तिमीहरूले दुःख भोग्यौ र मलाई त्यागेका छैनौ। ४ तर एउटा कुराचाहिँ मैले तिमीहरूको विरुद्धमा भन्नै पर्छ। तिमीहरूले मलाई पहिलाको जस्तो प्रेम अहिले गर्न छोडेका छौ। ५ तिमी कति गिरेका छौ, आफैंले सोच। पाप छोड र तिमीले पहिलेजस्तो मलाई प्रेम गर। नत्र म तिमीहरूकहाँ आउनेछु र तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु। ६ तर तिमीमा यो एउटा राम्रो गुण छ अर्थात् मैले घृणा गरेका ती निकोलाइटस भनिएकाहरूको कामलाई तिमीहरूले पनि घृणा गर्दछौ।"

**प्रथम् शताव्धीमा धेरै चर्चहरू खडा भएका थिए। ती मध्ये ई.सं. ३१देखि १००सम्म चलेको एफिससको चर्च नयाँ करारमा एक उदाहरण हुन्। प्रारम्भिक इसाईहरूमा विश्वासको आगोले सल्केका थिए। सुसमाचारको गतिलाई अघि बढाउन तिनीहरूले धेरै कडा मेहनत गरेका थिए। चर्चका शिक्षादिक्षा वा विद्याको शुद्धतालाई येशूका चेलाहरूले होसीयारसाथ सुरक्षित राख्दछन्। झुटो वा भ्रमात्मक विद्याको निम्ति तिनीहरूमा धैर्यता हुँदैन। र येशूका सत भक्तहरूले सत्यलाई प्रचण्डरूपमा सुरक्षित राख्दछन्।**

तर त्यस ताका समय वित्दै जाँदा विश्वासीहरूमा भएको परमेश्वरप्रतिको पहिलो प्रेम सेलाएर जान थालेको थियो। येशूलाई भन्दा अरू कामकुराहरूलाई तिनीहरूले प्राथमिकता दिन थालेका थिए। येशूको निम्ति काम गर्ने जोशमा उहाँसँगको सम्बन्धमा सिथिल हुन थालेको थियो। येशूसँग हार्दिक सम्बन्ध राखेर उहाँमा हुने अनुभव विस्तारै चिप्लिन्दै गएको थियो। हो तिनीहरू विश्वासलाई सुरक्षित राख्न कडा

परिश्रम त गरिरहेका थिए, यद्यपि तिनीहरूको आत्मिक अनुभवमा केहि कुराको अभाव भएको थियो। येशूप्रतिको अगाध प्रेम र विश्वासीहरूमा हुनुपर्ने पारस्परिक प्रेम खोटो बन्दै गएको थियो।

सबभन्दा पहिला येशूलाई माया गर्दा तपाईंको अनुभव कस्तो थियो? उहाँप्रतिको पहिलो प्रेमको आगोलाई तपाईंले कसरी सल्काइ रहन सक्नुहुन्छ? येशूभक्तको दावी गर्ने सिलसिलामा उहाँप्रतिको प्रेमको आगो तपाईंको मनमा जलाइ राख्नु किन जरुरत छ? तपाईंको जीवनमा भएका कस्ता खतरापूर्ण तत्वहरू छन् जसले येशूप्रतिको अगाढ प्रेमलाई ओझेलोमा पारिराख्न सक्दछ?

## ४. सत्यको पक्षमा आध्यात्मिक सुधार ल्याउन लुथरको आग्रह (रोमी ८:१-४)

पोपलाई भगवान मान्ने इसाई खेमाको खिलाफमा भएको प्रोटेस्टन्ट धार्मिक सुधारवादी (रिफोर्मेशन) आन्दोलनको बारेमा जब हामी सम्झन्छौं, स्वत हामीले पन्द्र शताव्धीको रोमन क्याथोलिक धर्मगुरू जर्मनका मार्टिन लुथरतिर हाम्रो ध्यान जान्छ। त्यसबेला सम्म ईसाइ धर्म पश्चिमी धर्म भनेर लोकमा चलेको थियो। रोमन क्याथोलिक चर्च जसको सुरूवात पश्चिमी देश रोममा भएको थियो, त्यसमा अनेकन् परम्परावादी संस्कारहरू घुसेका थिए। रोमन क्याथोलिक मतका इसाईहरूबाट ती परम्परालाई कडाइका साथ पालन गर्न अपेक्षा गरिएको थियो। त्यसले गर्दा येशूले सिकाउनु भएको विद्याभन्दा चर्चले सिकाएको विद्याले वढि प्राथमिकता पाउन थालेको थियो। बाइबलभन्दा परम्परालाई वढि महत्त्व दिन थालेको थियो। चर्चले सिकाएका वा चर्चले पालन गर्न लगाएका विभिन्न संस्कारहरूले गर्दा धेरै इसाईहरूलाई त्रासको वातावरणले नियन्त्रण गरेको थियो। अधिकांश पश्चिमी इसाईहरूमा येशूले दिनु हुने विशुद्ध मुक्तिको बारेमा ज्ञान कम थियो वा त्यसप्रति तिनीहरूको विश्वास पनि थिएन। के परमेश्वरले साँच्चिक्कै तिनीहरूलाई मुक्ति दिन चाहनुहुन्छ र भन्ने तर्कमा तिनीहरू अन्यौल भएको थियो। रोमन क्याथोलिक मतले गर्दा कतिपय इसाईहरूले ममतामयी परमेश्वरप्रतिको विश्वासमा संघर्ष गर्नु परेको थियो।

पन्ध्र शताव्धीमा युरोप महादेशको धार्मिक इतिहासमा आन्दोलन भएको विश्व इतिहासले बताउँदछ। त्यस आन्दोलनलाई सुधारवादी

धार्मिक आन्दोलन वा प्रोटेस्टेन्ट आन्दोलन भनेर कहलाइन्छ। त्यसको लागि परमेश्वरले त्यहि रोमन क्याथोलिक धर्मका एक प्रमूख धर्मगुरू मार्टिन लुथर र बाइबलका अन्य विद्वानहरूलाई सक्रिय बनाउनु भएको थियो। बाइबल र बाइबलप्रतिमात्र अगाध आस्था राखी परम्परालाई अस्वीकार गर्ने परमेश्वरका जनसमूहरूको नेतृत्व गर्न ती धर्मगुरूलाई उहाँले प्रेरित गर्नुभएको थियो। (रोमन क्याथोलिक चर्चका विद्या र पोपलाई चुनौती दिने बाइबल सम्मतमात्र चल्न चाहने हजारौं येशूभक्तहरूलाई त्यस चर्चले युरोपका विभिन्न सरकारहरूको संरक्षकमा अनेकन् यातना दिएर मारेका थिए। कतिपयलाई जिउँदै जलाइ दिए भने कतिपयलाई तरवारले मारेका थिए। कतिपयलाई झ्यालखानाको काल कोठरीमा आफ्नो मृत्युको दिनलाई गन्दै बस्नु परेको थियो। वाल्डनसिसहरू जङ्गलमा भुमिगत भएर परमेश्वरको आराधना गर्नुपरेको थियो। पोपले मार्टिन लुथरको विरूद्धमा मुद्दा चलाएको थियो। तिनलाई मार्न पनि आदेश दिइएको थियो तर तिनका हितैषी मित्रहरूले गर्दा तिनी भुमिगत भएर आफ्नो ज्यान बचाएका थिए। यो दुखलाग्दो तितो सत्य हो कि इसाई भनाउँदाहरूले नै इमान्दारसाथ परमेश्वरको भक्त हुन चाहनेहरूलाई परमेश्वरको इच्छा पालन गरेको भन्दै आतङ्कित बनाएका थिए। करौडौं इसाईहरूको ज्यान इसाई भनाउँदाहरूले नै लिएको भनेर विश्व इतिहास साक्षी छ। येशूको विरुद्धमा गद्दारी गर्नेमा उहाँकै चेला थियो भन्ने कुरामा अचम्म नमानी मुकुण्डोधारी इसाईहरूले येशूका इमान्दारी भक्तहरूलाई अझ पनि सास्ती दिइरहेका छन्। यथार्थमा भन्ने हो भने त्यस्ता नकावधारी इसाईहरूले पावलको अनुसार अझै पनि येशूलाई ताजैरूपमा क्रुसमा टाँगीरहेका छन्। पावलले यो कुरा हिब्रू ६:६मा खुलासा गरेका छन्-अनुवादकको टिप्पणी)।

प्रेरित पावलले लेखेका रोमीको पुस्तकमा यस्ता केहि प्रभावशाली पदहरू छन् जसले मार्टिन लुथरको मनमा गहिरो प्रभाव पारेका थिए। विश्वासको निम्ति आत्मिक नवजागरण र येशूभक्त भनेर दावी गर्नेले सुधारिएको जीवन बिताउन अति आवश्यक छन् भनेर ती पदहरूले कसरी बताउँछन् हेरौंः रोमी १:१६,१७ "मलाई यो सुसमाचार सुनाउन लाज लाग्दैन कारण विश्वास गर्ने जति पहिले यहूदी अनि अन्यजातिका मानिसलाई यो सुसमाचार परमेश्वरको मुक्ति दिने शक्ति

हो। १७ सुसमाचारले मानिसलाई परमेश्वरले आफ्नो सामु कसरी ठीक ठहराउनुहुन्छ भन्ने देखाउँछ अनि परमेश्वरसँग ठीक ठहरिने कुरा विश्वासबाटै सुरु हुन्छ र विश्वासबाटै पूरा पनि हुन्छ। यस्तै धर्मशास्त्रले पनि भन्छ, "जो विश्वासद्वारा परमेश्वरसँग ठीक ठहरिन्छ, त्यही मानिसले नै जीवन पाउँछ,।", रोमी ३:२१-२६, "तर अहिले व्यवस्थाबिना परमेश्वरले मानिसलाई ठीक ठहराउनुहुन्छ भनी उहाँले देखाउनुभएको छ। यही कुरा व्यवस्था र अगमवक्ताहरूले बताएका छन्। यसरी परमेश्वरले येशू ख्रीष्टमा विश्वास गर्ने सबैलाई ठीक ठहराउनुहुन्छ किनभने उहाँले कसैलाई पनि छुट्याउनुहुन्न किनभने सबैले पाप गरेका छन् र परमेश्वरको महिमाबाट टाढीएका छन्। तर परमेश्वर दयालु हुनुहुन्छ र उहाँले अनुग्रह गरेर ख्रीष्टद्वारा मानिसलाई सित्तैंमा निर्दोष र ठीक ठहराउनुहुन्छ किनभने ख्रीष्ट येशूले नै सबैको साटो आफैंले सजाय भोगेर पापको कैदबाट मानिसलाई छुटाउनुभएको छ। परमेश्वरले ख्रीष्ट येशूलाई हाम्रो लागि प्रायश्चितको बलिदान स्वरूप दिनुभएर उहाँको रगत हाम्रो लागि बगाइएको हो भनी विश्वास गर्ने मानिसको पाप मेटिदिनुभएको छ। परमेश्वरले पापको सजाय ख्रीष्टमा दिएर आफैंलाई न्यायी देखाउनुभयो। परमेश्वरले ख्रीष्ट आउनुभन्दा पहिले आफ्नो रिस थामेर मानिसलाई पापको सजाय दिनुभएन। परमेश्वरले अब यो युगमा आफ्नो न्याय देखाउन मानिसहरूका पाप हटाएर तिनीहरूलाई निर्दोष ठहराउनुहुन्छ। यसरी येशूमा विश्वास गर्ने हरेकलाई उहाँले ठीक ठहराउनुहुन्छ र आफैं धर्मी हुनुहुन्छ।", रोमी ५:६-११ "हामी आफैंले मुक्तिको निम्ति केही गर्न नसक्ने हुँदा नै ख्रीष्ट आफैं नै हामी पापीको निम्ति ठीक बेलामा मर्नुभयो। ७ धर्मात्माको निम्ति कोही मुश्किलले मरिदेला। अनि असल मानिसको सट्टामा पनि कसैले मर्ने साहस गर्ला। ८ तैपनि परमेश्वरले उहाँको प्रेम हामीलाई यसरी देखाउनुभयो, हामी पापी छँदै हाम्रा लागि ख्रीष्ट मर्नुभयो। ९ उहाँ बलिदान भएर आफ्नो रगतद्वारा हामीलाई परमेश्वरको सामु ठीक ठहराउनुभयो भने झन् बढी उहाँले हामीलाई परमेश्वरको क्रोधबाट बचाउनुहुन्छ। १० हामी परमेश्वरका शत्रु भएकै बेला उहाँको पुत्र ख्रीष्टको मृत्युद्वारा परमेश्वरले हामीलाई आफ्नो मित्र बनाउनुभएको छ भने झन् मित्र हुँदा उहाँको जीवनले हामीलाई झन्

बढी गरी बचाउँछ। ११ यति मात्र होइन हाम्रा प्रभु येशू ख्रीष्टले गर्दा हामी परमेश्वरको स्तुति गर्दै रमाउँछौं कारण ख्रीष्टले हामीलाई परमेश्वरसँग मिलाप गराएर आफ्नो मित्र बनाउनुभएको छ।" र रोमी ८:१-४ "परमेश्वरले ख्रीष्टमा भरोसा राख्नेहरूलाई दोषी ठहराउनुहुन्न। २ व्यवस्थाले मेरो पाप चिनाएर मलाई मृत्युदण्डको दोषी ठहराए तापनि ख्रीष्ट येशूमा भएको नयाँ जीवन दिने आत्माको शक्तिले यसबाट मलाई छुटकारा दिएको छ। ३ मानिसको कमजोर शारीरिक स्वभावले गर्दा व्यवस्था पालन गरेर हुन नसक्ने कुरा परमेश्वर आफैंले गर्नुभयो। परमेश्वरले आफ्नै पुत्रलाई पठाउनुभयो। पुत्रचाहिँ पापी मानिसको जस्तै शारीरिक स्वभाव लिएर जन्म लिनुभयो अनि मानिसको पापको निम्ति उहाँलाई दण्ड दिइयो र उहाँको शरीरद्वारा पापको शक्ति नष्ट गर्नुभयो। ४ यसरी शारीरिक स्वभावअनुसार होइन तर पवित्र आत्माअनुसार चल्नेहरूका लागि व्यवस्थाले चाहेको कुरा पूरा भएको छ।"

"जब पापीहरूको पाप अधर्मलाई परमेश्वरले क्षमा दिनुहुन्छ र तिनीहरूले पाउनुपर्ने पापको सजायँलाई उहाँले रोक्नुहुन्छ तब मात्र तिनीहरूले उहाँको क्षमाको उपयोग गर्न सक्नेछन् र तिनीहरू धर्मी भएको उच्चारण पाउने छन्। त्यस्तो अवस्थामा तिनीहरूले मानौं पाप नगरेको भनि परमेश्वरले तिनीहरूलाई साँच्चिक्कै निर्दोष ठहराउनुहुन्छ। तिनीहरूलाई उहाँले आफ्नो भनि तिनीहरूमाथि कृपादृष्टि राख्नुहुन्छ र तिनीहरूलाई धर्मात्मा सरह व्यवहार गर्नुहुन्छ। तर तिनीहरूको आफ्नो कुनै अथक प्रयासबाट नभएर ख्रीष्ट येशूको धार्मिकताबाट तिनीहरू धर्मी ठहराइएका हुन्छन्। परमेश्वर पिताले आफ्नो पुत्रलाई ग्रहण गर्नुहुन्छ। र आफ्नो पुत्रको पापलाई सफा गर्ने बलिदानद्वारा पापीलाई ग्रहण गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजज्, किताब ३, पृ. १९४बाट रूपान्तरित।

परमेश्वरको निगाहा तथा अनुग्रहको बारेमा आत्मज्ञान पाइयो भने त्यसले मानिसको जीवनलाई परिवर्तन गराउँछन्। परमेश्वरको अनुग्रह पाउन हामी योग्यका छैनौं, यद्यपि सित्तैंमा हामीलाई दिइने त्यो अनुग्रह नै हाम्रो आस्था वा विश्वासको मूल जग हो। येशूको जीवन, मृत्यु, पुनरुत्थान र स्वर्गमा उहाँको पुजारीको कामद्वारा हामीलाई अजम्मरी वा

अनन्त जीवन दिनुभएको छ। त्यो अनन्त जीवनको वरदान हाम्रो हो। विश्वासद्वारा त्यसलाई हामीले ग्रहण गर्‍यौं भने हामीलाई दिइएको मुक्तिको कबूल हाम्रो हुन सक्छ।

दैनिक जीवनमा उपयोग गरिने अनुग्रहको वरदानको सराहनासँग आत्मिक पुनर्जागरण जोडिएको छ। परमेश्वर अत्यन्त भलो हुनुहुन्छ, उहाँ दयालु र कृपालु हुनुहुन्छ भन्ने आत्मज्ञानले हामीलाई वढो आनन्द ल्याउँछ। त्यो जस्तो आत्मिक रूपमा उचालिने तत्व अरू केहि पनि छैन। हामीले जे गरेतापनि हामी परमेश्वरको अनुग्रहले परिचालित भएका हौं भनेर आश्वस्त बन्नु र अरूलाई देखाउनु नै सुधारिएको जीवनको मामुली परिभाषा हो।

प्रभु येशू ख्रीष्टले तपाईंलाई के गर्नुभयो त्यसमा तपाईंको मुक्ति हो। त्यस महान् आशाको बारेमा गहिरिएर सोच्नुहोस्। तपाईंको जीवनमा कुनै पनि आत्मिक पुनर्जागरण र जीवनशैलीमा ल्याउने सुधार ल्याउने सुरूको विन्दु नै त्यो सत्यलाई आत्मसात् गर्नु हो भनेर के तपाईं पक्का हुनुभएको छ?

## ५. संसारको अन्तमा हुनुपर्ने जीवनको मौलिक सुधारको निम्ति स्वर्गको आग्रह (प्रकाश १४:६,७,१२)

मानविय जीवनमा आमूल रूपमा मौलिक सुधार ल्याउन अभियान चलाउने चर्च सेभेन्थ-डे एडभेन्टिस्ट चर्च हो। शताव्धीयौं सम्म हराएका र विर्सिएका बाइबलमा भएको सत्यहरूलाई पुनर्वहाल गर्न त्यस चर्च जन्मिएको हो। मार्तिन लुथर, जोन क्यालभिन, ज्वीङ्गली जस्ता विभिन्न इसाई सुधारवादीहरूद्वारा पवित्र आत्माले शक्तिशाली रूपमा काम गर्नुभएको थियो। तर कतिपय महत्त्वपूर्ण बाइबलका सत्यहरूलाई तिनीहरूले पूरा बुझेका थिएनन्। आफ्ना जनहरूलाई दिनुपर्ने वढि सत्यज्ञानहरूलाई परमेश्वरले अझै सन्चय गरिराख्नुभएको थियो।

केवल धार्मिक ज्ञानले हाम्रो दिमाग भरियोस भन्ने परमेश्वरको चाहना होइन। बाइबलका सत्य ज्ञानहरू उहाँको हृदयका झ्यालहरू हुन्। ती सत्य ज्ञान अर्थात् बाइबलमा उल्लेख गरेका आत्मज्ञानहरूले परमेश्वरको चरित्रलाई केहि रूपमा चित्रण गरेका हुन्छन्। परमेश्वरले दिनुभएको बाइबल धर्मशास्त्रमा दिइएको सत्य ज्ञान जति बुझ्न सक्यो त्यति परमेश्वरको प्रेमलाई गहिरो रूपमा बुझ्न सक्ने हुन्छौं। परमेश्वरको

गहिरो प्रेमलाई सिद्ध रूपमा बुझ्न बाइबल अध्ययनको विकल्प छैन। अनेक किसिमका गलत अर्थात् भ्रमात्मक विद्याहरूले उहाँको चरित्रलाई बँग्याई दिन्छ। सैतान को हो भनेर यथार्थ चित्रण बाइबलले नै गर्दछ। सैतानले कतिको झुठको खेती गरिरहेकाछन् भनेर भण्डाफोर गर्ने शास्त्र बाइबल हो। मानिसलाई परमेश्वरको चरित्रको ज्ञानबाट भड्काउन सैतानले आविश्कार गरेका अनेकन् शिक्षादिक्षामा अनन्तको नर्कमा पापीहरू होमी रहने भन्ने भ्रामक शिक्षा एक ज्वलन्त उदाहरण हो। त्यस गलत विद्याले सैतानको नियतलाई उदाङ्ग पार्दछ।

स्वर्गमा ख्रीष्ट र सैतानको बीचमा चलेको महान् मतभेदको युद्धको सुरूदेखि नै सैतानले परमेश्वरको चरित्रलाई तोडमोड गर्न प्रयास गरेको थियो। मानिसहरू परमेश्वरको योजनाको बारेमा सैतानले झुटो कुरा फैलाएको थियो। तर सनातनका परम पिता परमेश्वर कस्तो हुनहुन्छ भनेर उहाँको असली चरित्रलाई येशूले यसरी देखाउनु भएको थियोः (१) यस संसारमा हुँदा उहाँको जीवनबाट (२) उहाँको शिक्षादिक्षाबाट (३) र उहाँको मृत्युबाट।

मानिसहरू आफ्ना कुनियतहरूबाट फर्केर सुधारिएको जीवन बिताउन र आत्मिक पुनर्जागृती ल्याउन स्वर्गदूतहरूबाट परमेश्वरले गर्नुभएको आह्वान प्रकाश १४:६,७,१२मा ध्यान दिएर पढ्नुहोस्। ती पदहरूले परमेश्वरको चरित्रको बारेमा हामीलाई के सिकाउँदछ? हेर्नुहोस्: "६ यसपछि मैले आकाशमा उडिरहेको अर्को एक स्वर्गदूत देखें। सबै जाति, कुल, भाषा र देशका मानिसहरूलाई सुनाउन तिनी सुसमाचार लिएर आउँदै थिए। ७ तिनले ठूलो सोरले भने, "परमेश्वरको डर मान र उहाँको प्रशंसा गर किनभने उहाँले मानिस जातिको न्याय गर्ने बेला आइसकेको छ। आकाश, पृथ्वी, समुद्र र सब पानीका मूलहरू बनाउनुहुने परमेश्वरलाई मान-आदर देओ।....१२ परमेश्वरका पवित्र जनहरू, जसले परमेश्वरको वचन मान्छन् र प्रभु येशूमा विश्वास राख्छन्, तिनीहरू स्थिर भएर बस्नुपर्छ।"

संसारको अन्तमा जीइरहेको मानिसहरूलाई अनन्तको सुसमाचारलाई ग्रहण गर्न परमेश्वरले सम्बोधन गर्नु भएको छ। परमेश्वरले न्याय गर्ने समय नजिकै भएकोले उहाँको इच्छालाई पालन गर भनेर त्यस सुसमाचारले आह्वान गर्दछ। पृथ्वी र सारा जगत नै परमेश्वरको

न्याय र दयामा छ भनेर प्रकाशको पुस्तकमा दिइएको न्यायको फैसलाले खुलाइएको छ। विकासवाद सिद्धान्तले प्राथमिकता पाइरहेको सन्दर्भमा येशूले आफ्ना जनहरूलाई आफ्नो जीवनशैलीमा सुधार ल्याइ सृष्टिकर्ता परमेश्वरको आराधना गरे भनेर आग्रह गर्नुहुन्छ। विकासवाद सिद्धान्तको अनुसार शुक्ष्म जीवबाट करौंडो वर्ष लगाएर क्रमिक विकास हुँदै मानिस बन्न पुगेको भन्ने जस्ता मनगढन्ते शिक्षाको प्रतिवाद गर्न बाइबलले सिकाएको सत्य शबथलाई पालन गर भनेर पनि येशूको सन्देशमा गाभिएको छ। परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भन्ने प्रमाण दिन पवित्र शबथ जुन सृष्टिदेखि नै शनिवार पर्दछ एक अनन्तको स्मृतिको रूमा खडा भइरहेको छ। (परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ र शबथ-दिनले उहाँको सृष्टिकर्ताको प्रमाणित गर्दछ, त्यसकारण सम्पूर्ण मानिसहरू उहाँतिर फर्क भनेर आह्वान गर्न जब सेभेन्थ-डे एडभेन्टिस्ट चर्च जन्मिएको थियो, त्यसै बेला बेलायतमा एक प्रकृतिका वैज्ञानिक चार्लस डार्विनको पनि जन्म भएको थियो। परमेश्वरको सृष्टि गर्ने शक्ति र सक्षमताको उपहास गर्दै मानिस र सबै जीव शुक्ष्म प्राणीबाट विकास हुँदै अहिलेको अवस्थामा पुगेको अर्थात् शुक्ष्म प्राणीबाट क्रमिक रूपमा (इभ्युल्युशन) विकास हुँदै नर बाँदर भएर मानिसको रूप हुन पुगेको भनेर मनगढन्ते विकासवाद सिद्धान्त अर्थात् थ्योरी अभ इभ्युल्युशन चार्लस डार्विनले सिकाएको थियो। विज्ञानले त्यसलाई यथार्थ भनेर प्रमाणित गर्न नसकेको कारण त्यसलाई अझ पनि थ्योरी अर्थात् तार्किस विद्या मात्र हो भनेर मान्दै आएका छन्। यद्यपि, परमेश्वरलाई विश्वास नगर्ने र गर्न नचाहने व्यक्तिको निम्ति त्यो विद्यालाई यथार्थ मानी उहाँको आराधना गर्न पन्छिरहेको पाइन्छ। संसारका स्कुलहरूका पाठ्यक्रममा त्यस थ्योरीलाई समावेश गराइ कलिला बालबालिकाहरूको मन सृष्टिकर्ता परमेश्वरलाई नसम्झाउन यस संसारका राजकुमार लुसिफरले चलाखी गरिरहेको छ।-अनुवादकको टिप्पणी)। डार्विनको सिद्धान्तलाई प्रतिवाद गर्न र त्यसबाट सुरक्षित हुन शबथ हामीलाई दिइएको छ। पवित्र शबथ  अर्थात् हप्ताको सातौं दिन शनिवारको दिनमा परमेश्वरको ध्यान गर्नु भनेकै त्यस सिद्धान्त र परमेश्वरको बारेमा गलत चित्रणसँग लड्न सुरक्षाकवच पहिरनु हो।

मानिसको सर्वहितको निम्ति दिइएको सन्देशहरूको जग नै "अनन्तको सुसमाचार" हो भन्नुको अर्थ के हो? तपाईंको गलत जीवनको

वावजूद पनि त्यो सुसमाचारको सन्देश तपाईंकै लागि हो भनेर दैनिक जीवनमा तपाईंले कसरी आत्मसात् गर्न सक्नुहुन्छ? सुसमाचारको सन्देश तपाईंकै लागि हो भनेर पलपलमा दावी गरिराख्न किन जरुरत छ?

## उपसंहारः

थप जानकारीः "**पवित्र आत्माको अगुवाईमा मात्र आत्मिक पुनर्जागरण र जीवनशैलीमा सुधार गर्नुपर्दछ। आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधार ल्याउनु भनेको दुई फरक कुरो हो। आत्मिक पुनर्जागरणले तपाईंको हृदय परिवर्तन भएको छ र तपाईंको आत्मिक जीवन नविकरण भएको छ भनेर देखाउँदछ। तपाईंको दिमाग र मनलाई नविकरण गर्न त्यस आत्मिक पुनर्जागृतले प्रमूख भूमिका खेल्दछ। आत्मा मरिरहेको वा आत्मिक रूपमा मरिरहेको मानिसलाई त्यस पुनर्जागरणले नयाँ जीवन दिँदछ। जीवनशैलीमा आमूल सुधार ल्याउनु भनेको आफ्नो जीवनलाई पुनर्व्यवस्थापन गर्नु हो। मानिसको सोच्ने तरिका, आफूसँग भएका अनेकन् सिद्धान्तहरूलाई परिवर्तन गर्न, आनीबानी, आचरणलाई आमूल परिवर्तन ल्याउने काम रिफोर्मेशन वा सुधारको काम हो। यदि पवित्र आत्माको अगुवाईमा आत्मिक जागृति ल्याइएन भने केवल चोला परिवर्तन वा जीवनको सुधारले मात्र धार्मिकताको असल फल फलाउन सक्दैन। आत्मिक पुनर्जागृती र जीवनशैलीमा भएको सुधारलाई दिइएको आआफ्नो काम गर्न दिनुपर्दछ। आत्मिक पुनर्जागरण र सुधार दुवै हातेमालो गरेर मानिसको जीवनमा काम गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, द आडभेन्टिस्ट रिभ्यु एण्ड सब्बथ हेराल्ड, फेब्रुअरी २५, १९०२बाट रूपान्तरित।**

**"मानिसहरूले जुनसुकै काम गरेतापनि अर्थात् मनैदेखि सेवाभावनाले काम गरेतापनि प्रायजसो तिनीहरू मानविय निति नियम अनुसार चलेको हुन्छ। तिनीहरू आत्मिक तत्व वा सिद्धान्तहरूबाट परिचालित भएका हुँदैनन्। तर मानिसले बनाएका जुनसुकै निति नियम भएतापनि हामीले जे ठिक वा उचित छ त्यो गर्नुपर्दछ। त्यसको नतिजा परमेश्वरमा नै छोड्नु पर्दछ। यो संसार त्यस्ता मानिसहरूप्रति आभारित हुनुपर्दछ जो आदर्शमय सिद्धान्तमा अडिग थिए, परमेश्वरप्रतिको आस्थामा अटल थिए र जुनसुकै मोल चुकाउनु परेतापनि सर्वहितको निम्ति महान्**

सुधारहरू गर्न साहसी भएका थिए। ती मानिसहरूले गरेको सुधारका कामहरू समयसापेक्षिक भएकोले त्यसलाई निरन्तरता दिन जरुरत छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४६०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधार गर्न आह्वान गरिएको छ भने ती दुईमा पहिला कुन हुनुपर्दछ?

आ. आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधार भनेको अरू भन्दा मनको कुरो किन हुनुपर्दछ? आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधार सामुहिकमा नभएर व्यक्तिबाटै किन सुरू हुनुपर्दछ? दिनदिनै ताजा प्रकारले परमेश्वरसँग हिँड्नुपर्छ, हामीहरूको सम्पूर्ण स्वभावलाई उहाँको नजिक ल्याउनु पर्दछ। उहाँको इच्छा पालन गर्न हामी पहिलाको भन्दा अत्यन्त गम्भिर हुनुपर्दछ। चर्चको अरू विश्वासीमा पहिलो परिवर्तन होस्, अनि म देखाजायला भनेर पर्खनु किन खतरापूर्ण छ? पास्टर वा चर्चको अगुवाले सुरू गरोस् अनि हामी पछि पछि जाऔंला भनेर आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधारको निम्ति तिनीहरूको मुख ताकेर वस्नु नै हाम्रै आत्मिक स्वास्थको निम्ति किन अस्वस्थ हुनसक्छ? परमेश्वरले तपाईंको जीवनमा असली रूपमा काम गर्न दिन अहिले नै आफ्नो जीवन उहाँलाई सुम्पन किन रोज्नु हुन्न?

इ. हामीहरूको निति वा आत्मिक दर्जामा अरू नपुगेकोमा तिनीहरूलाई आलोचना गर्ने प्रवृत्तिले आत्मिक पुनर्जागरण र जीवनशैलीमा आमूल सुधार चाहनालाई मारिदिने कुरामा हामी संवेदनशील हुनुपर्दछ। परमेश्वरले अपेक्षा गर्नुभएको सत्यको निम्ति उभिने सिलसिलामा अरूलाई आलोचनात्मक हेर्ने धरापबाट हामी कसरी उम्किने?